नेपाल सरकार

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

जलस्रोत तथा सिंचाइ विभाग

जावलाखेल, ललितपुर

कन्टिन्जेन्सी रकम खर्च गर्ने सम्बन्धी निर्देशिका २०७७

आ.व. २०७६/०७७

नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
जलस्रोत तथा सिंचाइ विभाग
जावलाखेल, ललितपुर ।

+९७७-०१-५-५३७१३६
+९७७-०१-५-५३७३१३
+९७७-०१-५-५३७२१०
+९७७-०१-५-५३७३११
+९७७-०१-५-५३७३१२
+९७७-०१-५-५३७३०८
+९७७-०१-५-५३७३०६
+९७७-०१-५-५३७३०२

एक्स :- +९७७-०१-५-५३७१३६
+९७७-०१-५-५३५३८२
फ्याक्स:- +९७७-०१-५-५५१७१६९

प.सं. :
च.नं. :

विषय : कन्टिन्जेन्सी रकम खर्च गर्ने सम्बन्धी निर्देशिका, २०७७ सम्बन्धमा ।

कन्टिन्जेन्सी रकम खर्च गर्ने प्रक्रियालाई व्यवस्थित, पारदर्शी बनाउन वाञ्छनीय भएकाले सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १० को उप-नियम ७ अन्तर्गत अनुसूची- १ को द्रष्टव्य : (ग) तथा नियम १२ को उप-नियम ४ अन्तर्गत अनुसूची १ को द्रष्टव्य : (ङ) ले दिएको अधिकार प्रयोग गरी ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय (मन्त्रीस्तरीय निर्णय) बाट मिति २०७७/१/१६ गते **कन्टिन्जेन्सी रकम खर्च गर्ने सम्बन्धी निर्देशिका, २०७७** स्वीकृत निर्देशिका बमोजिम कन्टिन्जेन्सी रकम खर्च गर्न सम्बन्धित सबैलाई जानकारी गराइएको छ ।

.....
मधुकर प्रसाद राजभण्डारी
महानिर्देशक

कन्टिन्जेन्सी रकम खर्च गर्ने सम्बन्धी निर्देशिका, २०७६

<u>प्रस्तावना</u> : कन्टिन्जेन्सी रकम खर्च गर्ने प्रक्रियालाई व्यवस्थित पारदर्शी बनाउन बाञ्छनीय भएकाले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को उपनियम ७ अन्तर्गत अनुसूची-१ को द्रष्टव्य : (ग) तथा नियम १२ को उपनियम ४ अन्तर्गत अनुसूची १ (क) को द्रष्टव्य : (ङ) ले दिएको अधिकार प्रयोग गरी ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयले यो निर्देशिका बनाएको छ ।

परिच्छेद - १

प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यस निर्देशिकाको नाम 'कन्टिन्जेन्सी रकम खर्च गर्ने सम्बन्धी निर्देशिका, २०७६' रहेको छ ।

(२) यो निर्देशिका मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा</u> : बिषय वा प्रसंगले अकी अर्थ नलागेमा यस निर्देशिकामा :

(क) "ऐन" भन्नाले सार्वजनिक खरिद ऐन, २०६३ सम्झनुपर्छ ।

(ख) "कन्टिन्जेन्सी खर्च" भन्नाले दफा ४ बमोजिम गरीने खर्च सम्झनु पर्छ ।

(ग) "नियमावली" भन्नाले सार्वजनिक खरिद नियमावली, २०६४ सम्झनुपर्छ ।

(घ) "मन्त्रालय" भन्नाले उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय सम्झनुपर्छ ।

(ङ) "विभाग" भन्नाले मन्त्रालय अन्तर्गत जलस्रोत तथा सिंचाइ विभाग, विद्युत विकास विभाग तथा जल तथा मौसम विज्ञान विभाग सम्झनुपर्छ ।

(च) "कार्यालय" भन्नाले मन्त्रालय तथा विभाग अन्तर्गतका आयोजना र अन्य कार्यालयलाई सम्झनु पर्छ ।

(छ) "वर्क चार्ज स्टाफ खर्च तथा सानातिना अन्य खर्च" भन्नाले दफा ४ (१) बमोजिमको कार्यमा हुने खर्चलाई सम्झनु पर्छ ।'

परिच्छेद - २

कन्टिन्जेन्सी रकम खर्च गर्ने

३. कन्टिन्जेन्सीबाट सवारी साधान तथा भारी उपकरण खरिद : (१) निर्माण/परामर्श/वस्तु खरिद कार्यको नियमित सुपरीवेक्षण तथा अनुगमन गर्ने प्रयोजनको लागि सवारी साधन तथा भारी उपकरण खरिद गर्न कम्तीमा एक प्रतिशत कन्टिन्जेन्सी रकम छुट्याई सम्बन्धित विभागमा पठाउन सकिने छ। सो रकमबाट विभाग/कार्यालय/आयोजनाले अर्थ मन्त्रालयको सहमति लिई सवारी साधन खरिद गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम खरिद गरिएको सवारी साधन तथा मेशिनरी औजार आवश्यकताको आधारमा मातहतका कार्यालयहरुमा पठाउने व्यवस्था गरिनेछ।

(३) उपदफा (१) बमोजिम विभाग तथा अन्तर्गतका कार्यालय तथा आयोजनाले विभागमा पठाउने कन्टिन्जेन्सी रकम दफा ९ अनुसार गणना गरिएको खर्च गर्न योग्य कन्टिन्जेन्सी रकमको बढीमा चालिस प्रतिशत हुनेछ।

(४) उपदफा (२) बमोजिमको चालिस प्रतिशतको सीमा भित्र रही विभाग तथा कार्यालय र अन्तर्गत आयोजनाले आवश्यक मोटर साइकल / स्कुटर तथा स-साना मेशिनरी औजार खरिद समेत गर्न सक्ने छन।

४. कन्टिन्जेन्सी खर्च शीर्षक : (१) कन्टिन्जेन्सीको लागि छुट्याइएको रकम अन्तर्गत वर्क चार्ज स्टाफ र अन्य सानातिना खर्च शीर्षकमा प्रयोग तथा खर्च गर्न सकिने छ।

(२) वर्क चार्ज स्टाफ शीर्षकमा छुट्याइएको रकम देहाय बमोजिमको विषयमा खर्च गर्न सकिनेछ :

(क) निर्माण कार्यको सुपरभिजन, स~चालन तथा संरक्षणको लागि आवश्यक अस्थायी प्रकृति (करार, ज्यालादारी) को जनशक्ति व्यवस्थापन,

(ख) विवाद समाधान (मध्यस्तता, अदालत) सम्बन्धि खर्च,

(ग) प्रोत्साहन खर्च

(घ) अध्ययन तथा अनुसन्धान खर्च

(ङ) कार्यालयको लागि आवश्यक पर्ने जनशक्ति व्यवस्थापन

(३) अन्य सानातिना खर्च शीर्षकमा छुट्याइएको रकम देहाय बमोजिमको विषयमा खर्च गर्न सकिनेछ :

(क) निर्माण कार्यसँग सम्बन्धित बोलपत्र/प्रस्ताव तयारी खर्च,

(ख) सूचना प्रकाशन,

(ग) इन्धन,

(घ) स्टेशनरी,

(ङ) फर्निचर,

(च) टेलिफोन,

(छ) बिद्युत तथा पानी महशुल खर्च,

(ज) फोटोकपी प्रिन्टर्स कम्प्यूटर खरिद,

(झ) बैठक तथा प्रस्तुतिकरण भत्ता,

(ञ) सवारी साधन मरम्मत तथा संभार,

(ट) कार्यालय भवन तथा मेशीनरी औजार उपकरणको मर्मत सम्भार खर्च,

(ठ) गै.स.सं. परिचालन गरी गराउने सेवाग्राही परिचालनको खर्च,

(ड) नियमित रुपमा कार्यालय व्यवस्थापनको लागि आवश्यक पर्ने अन्य मालसामान खरीदको खर्च,

(ढ) अतिथि सत्कार व्यवस्थापन,

(ण) अन्य फुटकर खर्च ।

५. <u>कन्टिन्जेन्सी खर्चको अभिलेख राख्नुपर्ने</u> : (१) यस निर्देशिका बमोजिम प्रत्येक ठेक्काको लागि खर्च भएको कन्टिन्जेन्सी रकमको अभिलेख अनुसूची-२ बमोजिमको ढाँचामा राखी त्यसलाई नापी किताबमा समेत प्रविष्ट गर्नुपर्ने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि बढीमा बीस लाख रुपैयाँसम्म विनियोजित बजेट भएका धेरै योजनाहरु हुने बजेट उपशिर्षकहरुको हकमा कन्टिन्जेन्सी रकम खर्च गर्दा सम्बन्धित बजेट उपशिर्षकमा एकमुष्ट खर्च जनाउन सकिनेछ र त्यस्तो एकमुष्ट खर्च

रकमलाई समानुपातिक रुपमा बाँडफाँड गरी प्रत्येक ठेक्काको नापि किताबमा कन्टिन्जेन्सी खर्च प्रविष्ट गरी अनुसूची-२ बमोजिमको ढाँचामा बिबरण (ठेक्का नं. बाहेक) तयार गर्नु पर्नेछ ।

६. सुपरीवेक्षक तथा अन्य कर्मचारीहरुको तलब भत्ता भुक्तानी : निर्माण कार्यको दैनिक सुपरीवेक्षणमा खटिएका सुपरीवेक्षक तथा अन्य कर्मचारीहरुको तलब भत्ता भुक्तानी गर्दा निजहरुको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, अनुसूची-१ बमोजिमको योग्यताको प्रमाणपत्रको प्रतिलिपि र निवेदन एक आर्थिक वर्षमा एकपटक श्रेस्तामा अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ ।

७. परामर्श सेवामा कार्यालय व्यवस्थापन खर्च : कार्यालय व्यवस्थापनको लागि छुट्याइएको रकम दफा ९ मा उल्लेख भएको सीमाभित्र रही अधिकार प्राप्त अधिकारीले दफा ४ बमोजिमको शीर्षकमा खर्च गर्न सक्नेछ र यसरी भएको खर्चका छुट्टै अभिलेख अनुसूची-२ बमोजिम ढाँचामा खडा गरी राख्नु पर्नेछ ।

८. बहुवर्षीय ठेक्कामा कन्टिन्जेन्सी खर्चको व्यवस्थापन : (१) वहुवर्षीय ठेक्काको सम्बन्धमा चालु आर्थिक वर्षको लागि अनुमानित खर्च रकमको अनुपातको आधारमा दफा ९ बमोजिमको सीमा भित्र रही कन्टिन्जेन्सी रकम खर्च गर्न सकिनेछ ।

तर अनुमानित खर्च रकमको अनुपात भन्दा बढी कन्टिन्जेन्सी रकम खर्च गर्नु परेमा अनिवार्य रुपमा एक तह माथीको अधिकारीको लिखित स्वीकृती लिनु पर्नेछ ।

९. कन्टिन्जेन्सी रकम खर्च गर्ने सीमा : (१) कुनै पनि आयोजनाको लागत अनुमानको अधिकतम चार प्रतिशतसम्म कन्टिन्जेन्सी शीर्षक अन्तर्गत छुट्याइ खर्च गर्न सकिनेछ ।

(२) खर्च गर्न योग्य कन्टिन्जेन्सी रकमको गणना मूल्य अभिवृद्धि कर वाहेकको लागत अनुमानको आधारमा हिसाब गर्नु पर्नेछ ।

(३) ठेक्का सम्झौता हुन बाँकी रहेको अवस्थामा पनि ठेक्का व्यवस्थापनको लागि उपदफा (१) मा उल्लेखित सीमाभित्र रही लागत अनुमानको आधारमा कन्टिन्जेन्सी रकम खर्च गर्न सकिनेछ।

(४) उपदफा (२) बमोजिम खर्च गर्न योग्य कन्टिन्जेन्सी रकममा दफा ३ बमोजिम विभागमा पठाईएको रकम घटाई हुन आउने रकमको पचास/पचास प्रतिशत रकम क्रमशः वर्क चार्ज स्टाफ खर्च र सानातिना अन्य खर्चको लागि यस निर्देशिका बमोजिम खर्च गर्न सकिनेछ ।

परिच्छेद - ३

विविध

१०. कन्टिन्जेन्सी रकमको लागत अनुमान तयार गर्ने : (१) प्रत्येक आयोजनाको लागत अनुमान स्वीकृत गर्दाको समयमा नै कन्टिन्जेन्सी वापत छुट्याइएको रकमको हकमा अनुसूची-२ बमोजिमको वर्क चार्ज, स्टाफ खर्च र साना तिना अन्य खर्चको लागि के कस्तो कार्यमा के कति खर्च हुने हो सो को समेत अनुमानित लागत तयार गर्नु पर्नेछ ।

११. मापदण्ड तयार गर्ने : (१) आयोजना वा कार्यालय प्रमुखको देहायका विषयहरुलाइ समेत आधारमानी कन्टिन्जेन्सी रकमको लागत अनुमान तयार गर्ने सम्बन्धी मापदण्ड तयार गरी स्वीकृत गर्नु पर्नेछ :

(क) आयोजना संचालन हुने क्षेत्रको भौगोलिक अवस्था,

(ख) आयोजना क्षेत्र वरिपरि सोही आयोजनाले संचालन गर्नुपर्ने अन्य आयोजनाहरु,

(ग) कार्यको जटिलता तथा कार्यबोझ,

(घ) सुपरीवेक्षकको लागि चाहिने योग्यता, प्राविधिक क्षमता, जनशक्तिको उपलब्धता ।

(२) आयोजना वा कार्यालय प्रमुखले कार्यालयको सवारी साधनको लागि उपलब्ध हुने इन्धनको सम्बन्धमा समेत निश्चत मापदण्ड तयार गरी सो मापदण्डको आधारमा मात्र इन्धन उपलब्ध गराउनु पर्नेछ ।

१२. मितव्ययिता कायम गर्नुपर्ने : (१) कन्टिन्जेन्सी रकम खर्च गर्दा मितव्ययी रुपमा गर्नु पर्नेछ ।

(२) सार्वजनिक खरिदको बोलपत्र आव्हान तथा अन्य सूचना पत्रपत्रिकामा प्रकाशन गर्दा छोटो रुपमा अत्यावश्यक जानकारी मात्रै प्रकाशन गरी सो को विस्तृत सूचना सम्बन्धित विभाग, कार्यालय वा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइटमा राख्नु पर्नेछ ।

१३. अभिलेख अध्यावधिक गर्ने : यस निर्देशिका वमोजिम भए गरेको कन्टिन्जेन्सि खर्च रकमको अभिलेख अध्यावधिक गरी राख्नु पर्नेछ ।

१४. विभागीय कारवाही गरीने : यो निर्देशिकामा उल्लेखित व्यवस्था विपरीत हुने गरी कन्टिन्जेन्सी रकम खर्च गरेमा सम्बन्धित कार्यालय प्रमुख तथा लेखा प्रमुखलाई प्रचलित कानुन बमोजिम विभागीय कारवाही हुनेछ ।

१५. <u>प्रचलित कानुनको पालना गर्नुपर्ने</u> : यस निर्देशिका बमोजिम कन्टिन्जेन्सी रकम खर्च गर्दा ऐन, नियमावली र अन्य प्रचलित कानून बमोजिमको प्रक्रिया अवलम्बन गर्नु पर्नेछ।

१६. <u>बाधा अड्काउ फुकाउने अधिकार</u> : यस निर्देशिकाको कार्यान्वयनको सिलसिलामा कुनै द्विविधा वा कुनै बाधा अड्काउ उत्पन्न भएमा मन्त्रालयले आवश्यक निर्णय गरी त्यस्तो द्विविधा वा बाधा अडकाउ फुकाउन सक्नेछ।

अनुसूची १ (दफा ५(१) सँग सम्बन्धित)

निर्माण/पुनःस्थापना कार्यको लागि कर्मचारी (करार/ज्यालादारी) भर्ना गर्ने सम्बन्धी नर्मस

सि.नं.	कामको विवरण	एकाइ	जम्मा परिमाण	जनशक्ति			कामको प्रकार	कैफियत
				पद	योग्यता/अनुभव	संख्या		
१.	ब्याचिङ प्लान्ट र स्क्रिनिङ प्लान्टको प्रयोग गरी कंक्रिटिङ गर्ने कार्य	सिफ्ट		सुपरभाइजर	एस.एल.सी. वा सो सरह	३ जना प्रति सिफ्ट	साइट ईन्जिनियर/सब-ईन्जिनियरको निर्देशानुसार ब्याचिङ्ग प्लान्ट, स्क्रिनिङ्ग प्लान्ट र निर्माण सामाग्रीको रेखदेख तथा निरीक्षण गर्ने कार्य ।	साइट ईन्जिनियर/सब-ईन्जिनियरले निजलाई तालिम दिइ दैनिक कार्यको रेखदेख तथा निरीक्षण सम्बन्धी चेकलिष्ट दिएर सो कार्यको दैनिक चेक गर्ने कार्य ।
		सिफ्ट		सुपरभाइजर	एस.एल.सी. वा सो सरह	२ जना प्रति सिफ्ट	साइट ईन्जिनियर/सब-ईन्जिनियरको निर्देशानुसार प्रयोगशाला परिक्षणको रेखदेख तथा निरीक्षण गर्ने कार्य ।	साइट ईन्जिनियर/सब-ईन्जिनियरले निजलाई तालिम दिइ दैनिक कार्यको रेखदेख तथा निरीक्षण सम्बन्धी चेकलिष्ट दिएर सो कार्यको दैनिक चेक गर्ने कार्य ।
		सिफ्ट		सुपरभाइजर	एस.एल.सी. वा सो सरह	५ जना प्रति सिफ्ट	साइट ईन्जिनियर/सब-ईन्जिनियरको निर्देशानुसार कंक्रिट राख्ने, बिछ्याउने र कम्प्याक्सन कामको रेखदेख तथा निरीक्षण गर्ने कार्य	साइट ईन्जिनियर/सब-ईन्जिनियरले निजलाई तालिम दिइ दैनिक कार्यको रेखदेख तथा निरीक्षण सम्बन्धी चेकलिष्ट दिएर सो कार्यको दैनिक चेक गर्ने कार्य ।
		सिफ्ट		सुपरभाइजर	एस.एल.सी. वा सो सरह	१ जना प्रति सिफ्ट	साइट ईन्जिनियर/सब-ईन्जिनियरको निर्देशानुसार कंक्रिट क्युरिङ्ग कार्यको रेखदेख तथा निरीक्षण गर्ने कार्य ।	साइट ईन्जिनियर/सब-ईन्जिनियरले निजलाई तालिम दिइ दैनिक कार्यको रेखदेख तथा निरीक्षण सम्बन्धी चेकलिष्ट दिएर सो कार्यको दैनिक चेक गर्ने कार्य ।
		वर्गमीटर		सुपरभाइजर	एस.एल.सी. वा सो सरह	१ जना प्रति ५० वर्गमीटर	साइट ईन्जिनियर/सब-ईन्जिनियरको निर्देशानुसार जग खन्ने, जगको आधार तयार गर्ने कार्यको रेखदेख तथा निरीक्षण गर्ने कार्य ।	साइट ईन्जिनियर/सब-ईन्जिनियरले निजलाई तालिम दिइ दैनिक कार्यको रेखदेख तथा निरीक्षण सम्बन्धी चेकलिष्ट दिएर सो कार्यको दैनिक चेक गर्ने कार्य ।
		वर्गमीटर		सुपरभाइजर	एस.एल.सी. वा सो सरह	२ जना प्रति ५० वर्गमीटर	साइट ईन्जिनियर/सब-ईन्जिनियरको निर्देशानुसार डन्डी राख्ने, काट्ने, बङ्ग्याउने र बाँध्ने सम्पूर्ण कार्यको रेखदेख तथा निरीक्षण गर्ने कार्य ।	साइट ईन्जिनियर/सब-ईन्जिनियरले निजलाई तालिम दिइ दैनिक कार्यको रेखदेख तथा निरीक्षण सम्बन्धी चेकलिष्ट दिएर सो कार्यको दैनिक चेक गर्ने कार्य ।
		वर्गमीटर		सुपरभाइजर	एस.एल.सी. वा सो सरह	१ जना प्रति ५० वर्गमीटर	साइट ईन्जिनियर/सब-ईन्जिनियरको निर्देशानुसार फर्मवर्क कार्यको रेखदेख तथा निरीक्षण गर्ने कार्य ।	साइट ईन्जिनियर/सब-ईन्जिनियरले निजलाई तालिम दिइ दैनिक कार्यको रेखदेख तथा निरीक्षण सम्बन्धी चेकलिष्ट दिएर सो कार्यको दैनिक चेक गर्ने कार्य ।
२.	ह्याण्ड मिक्स गरी कंक्रिटिङ गर्ने कार्य	घन मिटर		सुपरभाइजर	एस.एल.सी. वा सो सरह	१ जना प्रति ५ वर्गमीटर	साइट ईन्जिनियर/सब-ईन्जिनियरको निर्देशानुसार सामाग्रीको मिक्स गर्ने कार्यको रेखदेख तथा निरीक्षण गर्ने कार्य ।	साइट ईन्जिनियर/सब-ईन्जिनियरले निजलाई तालिम दिइ दैनिक कार्यको रेखदेख तथा निरीक्षण सम्बन्धी चेकलिष्ट दिएर सो कार्यको दैनिक चेक गर्ने कार्य ।
		घन मिटर		सुपरभाइजर	एस.एल.सी. वा सो सरह	२ जना प्रति ५ वर्गमीटर	साइट ईन्जिनियर/सब-ईन्जिनियरको निर्देशानुसार कंक्रिट राख्ने, बिछ्याउने, कम्प्याक्सन र क्युरिङ्ग गर्ने कार्यको रेखदेख तथा निरीक्षण गर्ने कार्य ।	साइट ईन्जिनियर/सब-ईन्जिनियरले निजलाई तालिम दिइ दैनिक कार्यको रेखदेख तथा निरीक्षण सम्बन्धी चेकलिष्ट दिएर सो कार्यको दैनिक चेक गर्ने कार्य ।

		घन मिटर		सुपरभाइजर	एस.एल.सी. वा सो सरह	३ जना प्रति ५ वर्गमीटर	साइट ईन्जिनियर/सब-ईन्जिनियरको निर्देशानुसार डन्डी राख्ने, काट्ने, बङ्गयाउने र बाँध्ने सम्पूर्ण कार्यको रेखदेख तथा निरीक्षण गर्ने कार्य ।	साइट ईन्जिनियर/सब-ईन्जिनियरले निज्जलाई तालिम दिइ दैनिक कार्यको रेखदेख तथा निरीक्षण सम्बन्धी चेकलिष्ट दिएर सो कार्यको दैनिक चेक गर्ने कार्य ।
३.	मिक्स्चर मेसिनको प्रयोग गरी कंक्रिटिङ गर्ने कार्य	सिफ्ट		सुपरभाइजर	एस.एल.सी. वा सो सरह	१ जना प्रति मिक्स्चर प्रति सिफ्ट	साइट ईन्जिनियर/सब-ईन्जिनियरको निर्देशानुसार मिक्स्चर मेसिनको प्रयोग गरी कंक्रिटिङ गर्ने कार्यको रेखदेख तथा निरीक्षण गर्ने कार्य ।	साइट ईन्जिनियर/सब-ईन्जिनियरले निज्जलाई तालिम दिइ दैनिक कार्यको रेखदेख तथा निरीक्षण सम्बन्धी चेकलिष्ट दिएर सो कार्यको दैनिक चेक गर्ने कार्य ।
		सिफ्ट		सुपरभाइजर	एस.एल.सी. वा सो सरह	१ जना प्रति सिफ्ट	साइट ईन्जिनियर/सब-ईन्जिनियरको निर्देशानुसार न्याब टेस्ट सम्बन्धी कार्यको रेखदेख तथा निरीक्षण गर्ने कार्य ।	साइट ईन्जिनियर/सब-ईन्जिनियरले निज्जलाई तालिम दिइ दैनिक कार्यको रेखदेख तथा निरीक्षण सम्बन्धी चेकलिष्ट दिएर सो कार्यको दैनिक चेक गर्ने कार्य ।
		सिफ्ट		सुपरभाइजर	एस.एल.सी. वा सो सरह	२ जना प्रति सिफ्ट	साइट ईन्जिनियर/सब-ईन्जिनियरको निर्देशानुसार कंक्रिट राख्ने, बिछ्याउने, खाँदने र क्युरिङ गर्ने कार्यको रेखदेख तथा निरीक्षण गर्ने कार्य ।	साइट ईन्जिनियर/सब-ईन्जिनियरले निज्जलाई तालिम दिइ दैनिक कार्यको रेखदेख तथा निरीक्षण सम्बन्धी चेकलिष्ट दिएर सो कार्यको दैनिक चेक गर्ने कार्य ।
		वर्ग मिटर		सुपरभाइजर	एस.एल.सी. वा सो सरह	१ जना प्रति १०० वर्ग मीटर	साइट ईन्जिनियर/सब-ईन्जिनियरको निर्देशानुसार जग खन्ने र जगको आधार तयार गर्ने कार्यको रेखदेख तथा निरीक्षण गर्ने कार्य ।	साइट ईन्जिनियर/सब-ईन्जिनियरले निज्जलाई तालिम दिइ दैनिक कार्यको रेखदेख तथा निरीक्षण सम्बन्धी चेकलिष्ट दिएर सो कार्यको दैनिक चेक गर्ने कार्य ।
		वर्ग मिटर		सुपरभाइजर	एस.एल.सी. वा सो सरह	१ जना प्रति १०० वर्ग मीटर	साइट ईन्जिनियर/सब-ईन्जिनियरको निर्देशानुसार डन्डी राख्ने, काट्ने, बङ्गयाउने र बाँध्ने सम्पूर्ण कार्यको रेखदेख तथा निरीक्षण गर्ने कार्य ।	साइट ईन्जिनियर/सब-ईन्जिनियरले निज्जलाई तालिम दिइ दैनिक कार्यको रेखदेख तथा निरीक्षण सम्बन्धी चेकलिष्ट दिएर सो कार्यको दैनिक चेक गर्ने कार्य ।
		वर्ग मिटर		सुपरभाइजर	एस.एल.सी. वा सो सरह	प्रति १०० वर्ग मीटर फर्मवर्क बराबर १ जना	साइट ईन्जिनियर/सब-ईन्जिनियरको निर्देशानुसार फर्मवर्क कार्यको रेखदेख तथा निरीक्षण गर्ने कार्य ।	साइट ईन्जिनियर/सब-ईन्जिनियरले निज्जलाई तालिम दिइ दैनिक कार्यको रेखदेख तथा निरीक्षण सम्बन्धी चेकलिष्ट दिएर सो कार्यको दैनिक चेक गर्ने कार्य ।
४.	नहर निर्माणको लागि माटो खन्ने कार्य	घन मिटर		सुपरभाइजर	एस.एल.सी. वा सो सरह	१ जना प्रति २०० घनमीटर	साइट ईन्जिनियर/सब-ईन्जिनियरको निर्देशानुसार माटो खन्ने र माटोको व्यवस्थापन गर्ने कार्यको रेखदेख तथा निरीक्षण गर्ने कार्य ।	साइट ईन्जिनियर/सब-ईन्जिनियरले निज्जलाई तालिम दिइ दैनिक कार्यको रेखदेख तथा निरीक्षण सम्बन्धी चेकलिष्ट दिएर सो कार्यको दैनिक चेक गर्ने कार्य ।
५.	ढकमीको काम	घन मिटर		सुपरभाइजर	एस.एल.सी. वा सो सरह	१ जना प्रति ४ घनमीटर	साइट ईन्जिनियर/सब-ईन्जिनियरको निर्देशानुसार मोर्टार मिश्रण तयारी र म्यासनरी राख्ने कार्यको रेखदेख तथा निरीक्षण गर्ने कार्य ।	साइट ईन्जिनियर/सब-ईन्जिनियरले निज्जलाई तालिम दिइ दैनिक कार्यको रेखदेख तथा निरीक्षण सम्बन्धी चेकलिष्ट दिएर सो कार्यको दैनिक चेक गर्ने कार्य ।
६.	ग्याबियनमा ढुङ्गा भर्ने कार्य	घन मिटर		सुपरभाइजर	एस.एल.सी. वा सो सरह	१ जना प्रति १० घनमीटर	साइट ईन्जिनियर/सब-ईन्जिनियरको निर्देशानुसार ग्याबियन बाक्स राख्ने, बाँध्ने र ढुङ्गा भर्ने कार्यको रेखदेख तथा निरीक्षण गर्ने कार्य ।	साइट ईन्जिनियर/सब-ईन्जिनियरले निज्जलाई तालिम दिइ दैनिक कार्यको रेखदेख तथा निरीक्षण सम्बन्धी चेकलिष्ट दिएर सो कार्यको दैनिक चेक गर्ने कार्य ।
७.	तटबन्ध निर्माणको लागि माटोको कार्य	घन मिटर		सुपरभाइजर	एस.एल.सी. वा सो सरह	१ जना प्रति २५० घनमीटर	साइट ईन्जिनियर/सब-ईन्जिनियरको निर्देशानुसार तटबन्ध निर्माणका लागि माटो ल्याउने स्थान, माटो राख्ने र कम्प्याक्सन गर्ने कार्यको रेखदेख तथा निरीक्षण गर्ने कार्य ।	साइट ईन्जिनियर/सब-ईन्जिनियरले निज्जलाई तालिम दिइ दैनिक कार्यको रेखदेख तथा निरीक्षण सम्बन्धी चेकलिष्ट दिएर सो कार्यको दैनिक चेक गर्ने कार्य ।

८.	बायो(इन्जिनियरिङ्ग/साबोइन्जिनियरिङ्ग	बर्ग मिटर		सुपरभाइजर	एस.एल.सी. वा सो सरह	१ जना प्रति ५०० वर्ग मीटर	साइट ईन्जिनियर/सब-ईन्जिनियरको निर्देशानुसार जमीन तयारी, बिरुवा रोप्ने, ड्रेनेज निर्माण र बायो इन्जिनियरिङ्ग सम्बन्धी कार्यको रेखदेख तथा निरीक्षण गर्ने कार्य ।	साइट ईन्जिनियर/सब-ईन्जिनियरले निजलाई तालिम दिइ दैनिक कार्यको रेखदेख तथा निरीक्षण सम्बन्धी चेकलिष्ट दिएर सो कार्यको दैनिक चेक गर्ने कार्य ।
९	रुख रोप्ने कार्य	हेक्टर		हेरालु		१ जना प्रति महिना प्रति १० हेक्टर	साइट इन्चार्जको निर्देशानुसार रुख रोप्ने कार्यको रेखदेख तथा निरीक्षण गर्ने कार्य ।	साइट ईन्जिनियर/सब-ईन्जिनियरले निजलाई तालिम दिइ दैनिक कार्यको रेखदेख तथा निरीक्षण सम्बन्धी चेकलिष्ट दिएर सो कार्यको दैनिक चेक गर्ने कार्य ।
१०.	ग्राभेलिङ्ग कार्य	बर्ग मिटर		सुपरभाइजर	एस.एल.सी. वा सो सरह	१ जना प्रति दिन प्रति ५०० वर्गमीटर हेक्टर	साइट ईन्जिनियर/सब-ईन्जिनियरको निर्देशानुसार सडकमा ग्राभेल राख्ने, मिलाउने र कम्प्याक्सन गर्ने कार्यको रेखदेख तथा निरीक्षण गर्ने कार्य ।	साइट ईन्जिनियर/सब-ईन्जिनियरले निजलाई तालिम दिइ दैनिक कार्यको रेखदेख तथा निरीक्षण सम्बन्धी चेकलिष्ट दिएर सो कार्यको दैनिक चेक गर्ने कार्य ।
११.	एचपिडिइ/युपिभिसी कार्य	रनिङ मीटर		सुपरभाइजर	एस.एल.सी. वा सो सरह	१ जना प्रति दिन प्रति साइट	साइट ईन्जिनियर/सब-ईन्जिनियरको निर्देशानुसार पाइप राख्ने, जोड्ने र फिटिंग गर्ने कार्यको रेखदेख तथा निरीक्षण गर्ने कार्य ।	साइट ईन्जिनियर/सब-ईन्जिनियरले निजलाई तालिम दिइ दैनिक कार्यको रेखदेख तथा निरीक्षण सम्बन्धी चेकलिष्ट दिएर सो कार्यको दैनिक चेक गर्ने कार्य ।
१२.	जि.आइ. पाइप सम्बन्धी कार्य	रनिङ मीटर		सुपरभाइजर	एस.एल.सी. वा सो सरह	१ जना प्रति दिन प्रति साइट	साइट ईन्जिनियर/सब-ईन्जिनियरको निर्देशानुसार जि. आइ. पाइप राख्ने, जोड्ने र फिटिंग गर्ने कार्यको रेखदेख तथा निरीक्षण गर्ने कार्य ।	साइट ईन्जिनियर/सब-ईन्जिनियरले निजलाई तालिम दिइ दैनिक कार्यको रेखदेख तथा निरीक्षण सम्बन्धी चेकलिष्ट दिएर सो कार्यको दैनिक चेक गर्ने कार्य ।
१३.	डिप ट्युबवेल ड्रिलिङ्ग/बोरिङ्ग सम्बन्धी कार्य	मीटर		सुपरभाइजर	एस.एल.सी. वा सो सरह	१ जना प्रति दिन प्रति साइट ९निर्माण कार्यको समयमा)	साइट इन्चार्जको निर्देशानुसार डिप ट्युबवेल ड्रिलिङ्गरबोरिङ्ग कार्यको रेखदेख तथा निरीक्षण गर्ने कार्य ।	साइट ईन्जिनियर/सब-ईन्जिनियरले निजलाई तालिम दिइ दैनिक कार्यको रेखदेख तथा निरीक्षण सम्बन्धी चेकलिष्ट दिएर सो कार्यको दैनिक चेक गर्ने कार्य ।
१४.	स्याल्लो ट्युबवेल निर्माण कार्य	संख्या		सुपरभाइजर	एस.एल.सी. वा सो सरह	१ जना प्रति दिन प्रति साइट (निर्माण कार्यको समयमा)	साइट इन्चार्जको निर्देशानुसार स्याल्लो ट्युबवेल निर्माण कार्यको रेखदेख तथा निरीक्षण गर्ने कार्य ।	साइट ईन्जिनियर/सब-ईन्जिनियरले निजलाई तालिम दिइ दैनिक कार्यको रेखदेख तथा निरीक्षण सम्बन्धी चेकलिष्ट दिएर सो कार्यको दैनिक चेक गर्ने कार्य।
१५.	ढगवेल/ओपन वेल निर्माण कार्य	संख्या		सुपरभाइजर	एस.एल.सी. वा सो सरह	१ जना प्रति दिन प्रति साइट (निर्माण कार्यको समयमा)	साइट इन्चार्जको निर्देशानुसार ढगवेलरओपन वेल निर्माण कार्यको रेखदेख तथा निरीक्षण गर्ने कार्य ।	साइट ईन्जिनियर/सब-ईन्जिनियरले निजलाई तालिम दिइ दैनिक कार्यको रेखदेख तथा निरीक्षण सम्बन्धी चेकलिष्ट दिएर सो कार्यको दैनिक चेक गर्ने कार्य ।
१६.	डिप ट्युबवेलका लागि ट्रान्समिसन लाइन र ट्रान्सफरमर जडान कार्य	कि.मी.		सुपरभाइजर	एस.एल.सी. वा सो सरह र समान कामको अनुभवलाई प्राथमिकता	२ जना प्रति दिन प्रति कि.मी.	साइट इन्चार्जको निर्देशानुसार ट्रान्समिसन लाइन र ट्रान्सफरमर जडान कार्यको रेखदेख तथा निरीक्षण गर्ने कार्य ।	साइट ईन्जिनियर/सब-ईन्जिनियरले निजलाई तालिम दिइ दैनिक कार्यको रेखदेख तथा निरीक्षण सम्बन्धी चेकलिष्ट दिएर सो कार्यको दैनिक चेक गर्ने कार्य ।
१७.	डिप ट्युबवेलको इन्टर्नल वाइरिङ्ग	इकाइ		सुपरभाइजर	एस.एल.सी. वा सो सरह र समान कामको अनुभवलाई प्राथमिकता	२ जना प्रति दिन प्रति पम्पिङ्ग युनिट/बिल्डिङ्ग युनिट	साइट इन्चार्जको निर्देशानुसार डिप ट्युबवेलको इन्टरनल वाइरिङ्ग र सम्बन्धित उपकरणहरुको जडान कार्यको रेखदेख तथा निरीक्षण गर्ने कार्य ।	साइट ईन्जिनियर/सब-ईन्जिनियरले निजलाई तालिम दिइ दैनिक कार्यको रेखदेख तथा निरीक्षण सम्बन्धी चेकलिष्ट दिएर सो कार्यको दैनिक चेक गर्ने कार्य ।
१८.	डिप ट्युबवेलको पम्प इन्स्टलेसन	संख्या		सुपरभाइजर	एस.एल.सी. वा सो सरह र समान कामको अनुभवलाई प्राथमिकता	२ जना प्रति दिन प्रति पम्प	साइट इन्चार्जको निर्देशानुसार पम्प इन्स्टलेसन कार्यको रेखदेख तथा निरीक्षण गर्ने कार्य ।	साइट ईन्जिनियर/सब-ईन्जिनियरले निजलाई तालिम दिइ दैनिक कार्यको रेखदेख तथा निरीक्षण सम्बन्धी चेकलिष्ट दिएर सो कार्यको दैनिक चेक गर्ने कार्य ।

१९.	साइट कार्यालयरकोलोनी	संख्या		चौकीदार		१ जना प्रति सिफ्ट प्रति साइट कार्यालय (निर्माण कार्यको समयमा)	साइट कार्यालय/कोलोनीको सुरक्षा गर्ने कार्य।	
		संख्या		कार्यालय सहयोगी		बढीमा २ जना प्रति साइट अफिस	कार्यालयको सम्पूर्ण काम कारबाहीमा सहयोग गर्ने कार्य।	
		संख्या		माली		१ जना प्रति साइट अफिस	साइट कार्यालय/कोलोनीको बगैचाको रेखदेख तथा संरक्षण गर्ने कार्य।	
		संख्या		कुचिकार		२ जना प्रति कार्यालय	साइट कार्यालय/कोलोनीको सरसफाइ गर्ने कार्य।	
२०.	आयोजनाको मुख्य कार्यालय	संख्या		कम्प्युटर अपरेटर	१२ पास वा सो सरह र तालिमको प्रमाणपत्र	बढीमा २ जना प्रति कार्यालय	कम्प्युटर सम्बन्धी सम्पूर्ण कार्य।	
		संख्या		चौकीदार		बढीमा ६ जना प्रति कार्यालय	कार्यालय परिसरको हेरचाह गर्ने कार्य	
		संख्या		इलेक्ट्रिसियन	हाउस वाइरिङ्ग सम्बन्धी तालिमको प्रमाणपत्र	१ जना प्रति कार्यालय	विद्युत सम्बन्धि कार्य गर्ने।	
				पल्मबर		१ जना प्रति कार्यालय	पल्मबिंग सम्बन्धि कार्य गर्ने।	
		संख्या		कार्यालय सहयोगी		बढीमा ५ जना प्रति कार्यालय	कार्यालयको काम कारबाहीमा सहयोग गर्ने कार्य।	
		संख्या		कुचिकार		बढीमा १ जना प्रति कार्यालय	आयोजना कार्यालय सरसफाइ गर्ने कार्य	
		संख्या		चालक	चालक अनुमती पत्र	१ जना प्रति गाडी	गाडी चलाउने कार्य	
		संख्या		माली		बढीमा १ जना प्रति कार्यालय	आयोजना कार्यालयको बगैचाको संरक्षण गर्ने कार्य	
२१.	जग्गा प्राप्ति	संख्या		अमिन	सरकारी मान्यता प्राप्त शिक्षण संस्थाबाट दिइएको प्रमाणपत्र	१ जना	जग्गा प्राप्ति सम्बन्धि कार्य	
		संख्या		सहयोगी	साधारण लेखपढ	२ जना	जग्गा प्राप्ति कार्यमा सहयोग गर्ने	

नोट :

१. निर्माण कार्य अवधिमा ज्यालादारी जनशक्तिको व्यवस्थापन प्रयोजनको लागि मात्र।

२. उपरोक्त परिमाणहरू अधिकतम् हुन्।

३. जनशक्ति व्यवस्थापन तोकिएको बजेट सीमाभित्र रही गर्नु पर्नेछ।

४. सिफ्ट भन्नाले दिन वा रात मध्ये निरन्तर ८ घण्टा समयलाई जनाउँछ।

अनुसूची १ (दफा ५(१) सँग सम्बन्धित)

सिंचाइ प्रणालीको संचालन र मर्मत सम्भार सम्बन्धी कार्यको लागि कर्मचारी (करार/ज्यालादारी) भर्ना गर्ने सम्बन्धी नर्मस

क. हेडवर्कस

सि.नं.	कामको विवरण	एकाइ	जम्मा परिमाण	जनशक्ति			कामको प्रकार	कैफियत
				पद	योग्यता/अनुभव	संख्या		
१.०	पहाडी क्षेत्रको हेडवर्कसको (साइड इन्टेक र समान प्रकृतिका संरचना) मर्मत संभार र संचालन कार्य	संख्या		ढल्पा		१ जना प्रति इन्टेक		संरचना संख्याको आधारमा कामदार संख्याको निर्भर रहने
२.०	तराइ क्षेत्रको हेडवर्कसको मर्मत संभार र संचालन कार्य							
२.१	साइड इन्टेक	संख्या		मेकानिक्स	सम्बन्धित विषयको अनुभवी	१ जना प्रति इन्टेक		गेट संख्या/इन्टेक आकारको आधारमा कामदार संख्याको निर्भर रहने
				चौकीदार		१ जना प्रति इन्टेक		
				गार्ड		१ जना प्रति इन्टेक		
				गेट संचालक		१ जना प्रति २ गेट		
२.२	बाँध	संख्या		मेकानिक्स	सम्बन्धित विषयको अनुभवी	१ जना प्रति इन्टेक		बाँध/ब्यारेजको प्रकार, आकार र स्थानका आधारमा संख्याको निर्भर रहने
				चौकीदार		१ जना प्रति इन्टेक		
				गार्ड		१ जना प्रति इन्टेक		
				गेट संचालक		१ जना प्रति २ गेट		
२.२	ब्यारेज	संख्या		मेकानिक्स	सम्बन्धित विषयको अनुभवी	१ जना प्रति ३ गेट		बाँध/ब्यारेजको प्रकार, आकार र स्थानका आधारमा संख्याको निर्भर रहन
				इलेक्ट्रिसियन	सम्बन्धित विषयको अनुभवी	१ जना प्रति ३ गेट		
				चौकीदार		२ जना प्रति १ संरचना		
				गार्ड		१ जना प्रति २ गेट		
				गेट संचालक		१ जना प्रति २ गेट		

३.०	रिजर्भएरको मर्मत संभार र संचालन	१० घनमीटर		मेकानिक्स	सम्बन्धित विषयको अनुभवी	१ जना प्रति रिजर्भएर		बाँध/ब्यारेजको प्रकार, आकार र स्थानका आधारमा संख्याको निर्भर रहन
				इलेक्ट्रिसियन	सम्बन्धित विषयको अनुभवी	१ जना प्रति रिजर्भएर		
				चौकीदार		२ जना प्रति रिजर्भएर		
				गार्ड		२ जना प्रति रिजर्भएर		
				गेट संचालक		१ जना प्रति गेट		
४.०	एफ्लक्स बण्ड/नदी तटबन्धको मर्मत सम्भार तथा संचालन	५०० मी		हेरालु		१ जना प्रति ५०० मीटर		
५.०	पम्प घर/लिफ्टिङ्ग इन्टेकको मर्मत संभार र संचालन							
५.१	ठुलो लिफ्टिङ्ग इन्टेक	संख्या		मेकानिक्स	सम्बन्धित विषयको अनुभवी	१ जना प्रति इन्टेक		
				इलेक्ट्रिसियन	सम्बन्धित विषयको अनुभवी	१ जना प्रति इन्टेक		
				चौकीदार		२ जना प्रति इन्टेक		
				गार्ड		२ जना प्रति इन्टेक		
				पम्प संचालक	सम्बन्धित विषयको अनुभवी	१ जना प्रति २ पम्पिङ्ग संख्या		
५.२	साना लिफ्टिङ्ग प्रणाली	सख्या		चौकीदार		१ जना प्रति लिफ्टिङ्ग प्रणाली		सरकारद्वारा संचालित प्रणालीमा मात्र
				पम्प संचालक		१ जना प्रति लिफ्टिङ्ग प्रणाली		
ख. मुख्य नहर तथा संरचनाहरु								
१.०	मुख्य नहरको मर्मत संभार र संचालन							
१.१	सि.सि.ए.२००० हे. भन्दा कम	कि.मी.		सुपरभाइजर	एस.एल.सी. वा सो सरह	१ जना प्रति ५ कि.मी.		
				ढल्पा		१ जना प्रति २ कि.मी.		
१.२	सि.सि.ए.२००० हे. - ५००० हे. सम्म	कि.मी.		सुपरभाइजर	एस.एल.सी. वा सो सरह	१ जना प्रति ४ कि.मी.		
				ढल्पा		१ जना प्रति १.५ कि.मी.		

१.३	सि.सि.ए.५००० हे. भन्दा धेरै	कि.मी.		सुपरभाइजर	एस.एल.सी. वा सो सरह	१ जना प्रति ३ कि.मी.		
				ढल्पा		१ जना प्रति कि.मी.		
२.०	मुख्य नहरको मुख्य संरचना (साइफन, एक्वेडक्ट, भी.आर.बी., हेड रेगुलेटर, क्रस रेगुलेटर आदी) को संचालन, सुपरिवेक्षण र मर्मत सम्भार गर्ने	संख्या		सुपरभाइजर	एस.एल.सी. वा सो सरह	१ जना प्रति ५ कि.मी.		
				ढल्पा		१ जना प्रति ३ कि.मी.		
				गेट ओपरेटर		१ जना प्रति ३ कि.मी.रगेट्स		
३.०	सर्भिस रोडको संचालन, सुपरिवेक्षण र नियमित मर्मत सम्भार कार्य	कि.मी.		हेरालु		१ जना प्रति १० कि.मी.		
३.	ढाइभर्सन टनेलको संचालन, सुपरिवेक्षण र मर्मत सम्भार कार्य	कि.मी.		मेकानिक्स	एस.एल.सी. वा सो सरह	१ जना प्रति २ कि.मी.		ब्यारेज/टनेलको आकारको आधारमा
				इलेक्ट्रिसियन	सम्बन्धित विषयको अनुभवी	१ जना प्रति इन्टेक		
				चौकीदार		३ जना प्रति रिजर्भएर		
				गार्ड		३ जना प्रति रिजर्भएर		
				गेट संचालक		१ जना प्रति गेट		
४.	पावर हाउसको संचालन तथा मर्मत सम्भार	किलो वाट		मेकानिक्स	सम्बन्धित विषयको अनुभवी	१ जना प्रति २ संख्या		पावर हाउसको क्षमता/विचुत उत्पादन को आधारमा
				इलेक्ट्रिसियन	सम्बन्धित विषयको अनुभवी	१ जना प्रति २ संख्या		
				चौकीदार		३ जना प्रति साइट		
				गार्ड		३ जना प्रति साइट		
				सुपरभाइजर	एस.एल.सी. वा सो सरह	१ जना प्रति साइट		
५.	ट्रान्समिसन लाइनको नियमित निरिक्षण/मर्मत सम्भार	कि.मी.		इलेक्ट्रिसियन	सम्बन्धित विषयको अनुभवी	१ जना प्रति ५ कि.मी.		
				हेरालु		१ जना प्रति ५ कि.मी.		
				सुपरभाइजर	एस.एल.सी. वा सो सरह	१ जना प्रति ५ कि.मी.		
६.	पाइप कन्भेयन्स प्रणालीको सन्चालन तथा मरम्मत सम्भार	कि.मी.		ढल्पा		१ जना प्रति २ कि.मी.		
ग. शाखा/प्रशाखा नहर र संरचना								
१.	शाखा/प्रशाखा नहरहरुको संचालन, सुपरिवेक्षण र मर्मत सम्भार कार्य	कि.मी.		सुपरभाइजर	एस.एल.सी. वा सो सरह	१जना प्रति २० कि.मी.		
		कि.मी.		ढल्पा		१जना प्रति १० कि.मी.		

		कि.मी.		गेट संचालक		१जना प्रति १० कि.मी.		
२.	शाखा/प्रशाखा नहर संरचनाहरुको संचालन, सुपरिवेक्षण र मर्मत सम्भार कार्य							
२.१	मुख्य संरचनाहरु (साइफन, एक्वेडक्ट, भि.आर. बि, हेड रेगुलेटर, क्रस रेगुलेटर आदी)	संख्या		सुपरभाइजर	एस.एल.सी. वा सो सरह	१जना प्रति २० कि.मी.		
				ढल्पा		१जना प्रति १० कि.मी.		
				गेट संचालक		१जना प्रति १० कि.मी.		
२.२	सामान्य संरचनाहरु (रिटेनिङ्गरटो वाल, फल, क्यास्केड आदी)	संख्या		सुपरभाइजर	एस.एल.सी. वा सो सरह	१जना प्रति २० कि.मी.		
				ढाल्पा		१जना प्रति १० कि.मी.		
				गेट संचालक		१जना प्रति १० कि.मी.		
२.३	नहरमा लाइनिङ्ग गर्ने	कि.मी.		सुपरभाइजर	एस.एल.सी. वा सो सरह	१जना प्रति २० कि.मी.		
				ढल्पा		१जना प्रति १० कि.मी.		
				गेट संचालक		१जना प्रति १० कि.मी.		
२.४	सर्भिस रोड	कि.मी.		सुपरभाइजर	एस.एल.सी. वा सो सरह	१जना प्रति २० कि.मी.		
				ढल्पा		१जना प्रति १० कि.मी.		
				गेट संचालक		१जना प्रति १० कि.मी.		
घ. नदी नियन्त्रण/तटबन्धको संचालन र मर्मत सम्भार कार्य								
१.	नदी नियन्त्रण/तटबन्धको संचालन र मर्मत सम्भार कार्य	कि.मी.		हेरालु		१ जना प्रति ५ कि.मी.		
ङ. ल्याब, कार्यालय/कोलोनीहरुको संचालन र मर्मत सम्भार कार्य								
१.	कोलोनी/साइट कार्यालय	संख्या		चौकीदार/गार्ड		२ जना प्रति कोलोनी		
२.	पाहुना घरको संचालन/मर्मत सम्भार कार्य	संख्या		हाउस किपर	१२ पास	१ जना प्रति पाहुना घर		
				चौकीदार		१ जना प्रति पाहुना घर		
				कुचिकार		१ जना प्रति पाहुना घर		
३.	कार्यालय व्यवस्थापन/सहयोगी कर्मचारी	संख्या		कम्प्युटर अपरेटर	१२ पास	१ जना प्रति कार्यालय		मुख्य कार्यालयमा आवश्यकता र कार्यबोझ अनुसार

				चौकीदार		३ जना प्रति कार्यालय		
				कार्यालय सहयोगी		२ जना प्रति कार्यालय		
				कुचिकार		२ जना प्रति कार्यालय		
				ड्राइभर	चालक अनुमतीपत्र प्राप्त	१ जना प्रति गाडी		
				माली		२.५ हे. क्षेत्र सम्म २ जना प्रति कार्यालय र २.५ हे. भन्दा धेरै कार्यालय हाता भए ४ जना		
४.	ल्याब संचालन तथा मर्मत सम्भार गर्ने	संख्या		ल्याब असिस्टेन्ट	१२ पास	१ जना प्रति ल्याब		
				स्याम्पल कलेक्टर	१२ पास	१ जना प्रति ल्याब		

नोट :

१. सरकारद्वारा/संयुक्त व्यवस्थापनद्वारा संचालन गरिएको प्रणालीमा मात्रै कर्मचारी भर्ना गरिनेछ ।

२. स्थायी/आयोजना कर्मचारीको अभाव वा अपुग भएमा मात्र कर्मचारी भर्ना गरिनेछ ।

अनुसूची - २
(दफा ५ सँग सम्बन्धित)

नेपाल सरकार
.....कार्यालय

कन्टिजेन्सी खर्चको विवरण

कार्यालयको नाम : ठेक्का नं. : कार्यक्रम स्थल : जिल्ला :

बजेट उपशीर्षक नं. : लागत अनुमान (मू.अ.क. बाहेक) : सम्झौता अंक (मू.अ.क. बाहेक) :

ल.ई. अनुसार स्वीकृत कन्टिजेन्सी रकम : सम्झौता अनुसार कन्टिजेन्सी रकम :..... (दफा ९ ले तोकेको सीमा अनुसार गणना गरिएको)

मिति	गो.भौ.नं.	खर्चको व्यहोरा	गत वर्ष सम्मको कुल कन्टिजेन्सी खर्च	विभागमा पठाएको रकम		यो आ.व. को कन्टिन्जेन्सी खर्च											जम्मा कन्टिजेन्सी खर्च	यो वर्षसम्मको कुल कन्टिजेन्सी खर्च
						वर्क चार्ज					सानातिना अन्य खर्च							
				गत आ.व.	चालु आ.व.	मष्टररोल ज्याला	विवाद समाधन खर्च	टिएडिए	अन्य	जम्मा	इन्धन खर्च	स्टेशनरी, छपाई सुचना प्रकाशन आदि	सवारी साधनतथा अन्य मर्मत सम्भार खर्च	खप्ने मालसामान खरिद	अन्य	जम्मा		

तयार गर्ने :
(लेखा प्रमुख)

प्रमाणित गर्ने :
(कार्यालय प्रमुख)